# सडक बोर्ड नेपाल

(सडक बोर्ड ऐन, २०५८ अन्तर्गत स्थापित)
मिनभवन, काठमाडौं


अत्यन्त जरुरी

प.सं. ०७५/७६

च.नं. १२००

मिति : २०७५/११/२७

श्री हिसाव फरफारक नगरेका सबै स्थानीय तहहरु ।

**विषय :- जानकारी सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा तहाँ स्थानीय तह द्धारा विगत आर्थिक बर्षमा स्थानीय सडक मर्मत संभार सम्बन्धी स्वीकृत बार्षिक कार्यक्रम कार्यान्वयन गरी प्रत्येक आर्थिक बर्षको अषाढ मसान्त भित्र कार्य सम्पन्न सहित तोकिएका कागजातहरु पौष मसान्त (प्रथम पटक म्याद थप) पेश गरी हिसाव फरफारक गर्नुहुन भनी जानकारी गराइएकोमा तोकिएको समय पश्चात समेत फरफारकको लागि कागजातहरु प्राप्त हुन आएका र केही स्थानीय तहहरुले हाल सम्म पनि फरफारकको लागि कागजातहरु पेश नगरेको सम्बन्धमा कार्यकारी समितिको मिति २०७५/११/२६ को बैठकमा निर्णयार्थ पेश हुँदा चालु आ.व. को फाल्गुण मसान्त भित्रै पेश गरी हिसाव फरफारक गर्न अन्तिम पटकको लागि म्याद थप गरिएको ब्यहोरा जानकारीको लागि निर्णयानुसार अनुरोध छ ।

............................

( इ. सागर ज्ञवाली)
प्राविधिक निर्देशक

**अवगतार्थ/बोधार्थ**

श्रीमान् अध्यक्ष ज्यू, सडक बोर्ड नेपाल ।

श्री स्थानीय पूर्वाधार विभाग (डोलि), श्रीमहल, पुल्चोक, ललितपुर : उपरोक्तानुसारको पत्र तहाँ र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमको Website मा upload गरिदिने ब्यबस्थाको लागि अनुरोध छ ।

श्री प्रशासन शाखा: उपरोक्तानुसारको पत्र बोर्डको Website मा upload गरिदिनुहुन ।


अरनिको भवन, मिनभवन पो.व.नं. ११४०६, काठमाडौं, नेपाल, फोन नं. ४४९३५१५, ४४९३५२९, ४४९३५३९
फ्याक्स नं. : +९७७-१-४४९३५४२, ४४६०८७१, इमेल : roadsboardnepal.org@gmail.com
वेभसाइट : www.rbn.org.np

# सडक बोर्ड नेपाल

(सडक बोर्ड ऐन, २०५८ अन्तर्गत स्थापित)
मिनभवन, काठमाडौं

अत्यन्त जरुरी

प.सं. ०७५/०७६
च.नं. १२५५

३६०
०७५।११।२९

मिति : २०७५/११/२७

श्री बार्षिक कार्यक्रम पेश नगरेका सबै स्थानीय तहहरु ।

**विषय :- जानकारी सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा स्थानीय सडक मर्मत संभार कार्यको लागि चालु आ.व. मा तहाँ तह तर्फ बजेट बिनियोजन भएको ब्यहोरा बिदितै छ । तत् सम्बन्धमा चालु आ.व. को स्वीकृत बजेटको परिधि भित्र रही तहाँ कार्यालयले ब्यहोर्नुपर्ने सम्पुरक कोष (Matching Fund) समेत समाबेश गरी बार्षिक कार्यक्रम सहित तपशिल बमोजिमको आबश्यक कागजातहरु चालु आ.व. को पौष मसान्त (प्रथम पटक म्याद थप) भित्र स्वीकृत गरी सहमतिको लागि यस बोर्डमा पेश गर्नुहुन भनी जानकारी गराइएकोमा तोकिएको समय पश्चात समेत बार्षिक कार्यक्रमहरु प्राप्त हुन आएका र केही स्थानीय तहहरुले हाल सम्म पनि पेश नगरेको सम्बन्धमा कार्यकारी समितिको मिति २०७५/११/२६ को बैठकमा निर्णयार्थ पेश हुँदा चालु आ.व. को फाल्गुण मसान्त भित्रै पेश गर्न अन्तिम पटकको लागि म्याद थप गरिएको ब्यहोरा जानकारीको लागि निर्णयानुसार अनुरोध छ ।

**तपशिल।**

**सहमतिको लागि आबश्यक कागजातहरु**

सहमतिको लागि अनुरोध गरिएको पत्र

समझदारी पत्र

प्रतिबद्धता पत्र

बार्षिक कार्यक्रम

लागत अनुमान (लागत अनुमान तेरिज, दर बिश्लेषण)

उल्लेखित कागजातहरुको ढाँचा, निर्देशिका तथा स्वीकृत बजेट सम्बन्धी बिबरण यस बोर्डको वेभसाईट www.rbn.org.np बाट डाउनलोड गर्न सकिने ब्यहोरा समेत अनुरोध छ ।

श्री योजना शाखा
website मा

.................................
( इ. सागर ज्ञवाली)
प्राविधिक निर्देशक

**अवगतार्थ/बोधार्थ**

श्रीमान् अध्यक्ष ज्यू, सडक बोर्ड नेपाल ।

श्री स्थानीय पूर्वाधार विभाग (डोलि), श्रीमहल, पुल्चोक, ललितपुर : उपरोक्तानुसारको पत्र तहाँ र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमको Website मा upload गरिदिने ब्यबस्थाको लागि अनुरोध छ ।

श्री प्रशासन शाखाः उपरोक्तानुसारको पत्र बोर्डको Website मा upload गरिदिनुहुन ।